**प्रदेश सभा**

**गण्डकी प्रदेश**

**छैटौं अधिवेशन**

**(तेत्तिसौं बैठक)**

**कार्यवाहीको सम्पूर्ण विवरण**

**मिति : २०७७।०३।१८ गते**

प्रदेश सभा, गण्डकी प्रदेशको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा प्रारम्भ भयो ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, आजको बैठकको कारवाही प्रारम्भ हुन्छ । सर्वप्रथम, संघीय संसद प्रतिनिधि सभा सदस्य माननीय ज्ञानकुमारी छन्त्यालको असामयिक निधन भएको भएकोमा शोक प्रस्ताव प्रस्तुत गर्दछु ।संघीय संसद प्रतिनिधि सभामा नेपाली कांग्रेसको तर्फबाट समानुपातिक निर्वाचित निर्वाचन प्रणालीबाट निर्वाचित बागलुङ जिल्ला निवासी माननीय ज्ञानकुमारी छन्त्यालको सम्बत् २०७७ साल असार १७ गते ६३ वर्षको उमेरमा असामयिक निधन भएकोले प्रदेशसभा गहिरो शोक प्रकट गर्दछ साथै उहाँको दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ । उक्त शोक प्रस्तावलाई सहमति जनाई दिनुहुन अनुरोध गर्दछु । उक्त शोक प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु । माननीय सदस्यहरु, अब हामी स्वर्गीय माननीय ज्ञानकुमारी छन्त्यालको आत्माको चिरशान्तिको लागि उठेर १ मिनेट मौन धारण गरौं । (मौन धारण)

धन्यवाद ।

माननीय सदस्यहरु, अब यो बैठक १५ मिनेटको लागि स्थगित हुन्छ ।